स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'घुमी घुमी' गीतमा अभिनय गरेपछि चर्चामा आएकी अभिनेत्री अञ्जना बराइलीलाई पहिलो फिल्म 'महापुरुष'बाटै सफलता मिल्यो । यसपछि 'पूजार सार्की' र यतिबेला प्रदर्शनरत 'पूर्ण बहादुरको सारङ्गी'ले पनि सफलता प्राप्त गरेपछि उनको हिटमा 'ह्याट्रिक' पूरा भएको छ । लगातार तीन फिल्म सफल हुँदा उनी 'डिमान्डेड' बनेकी छन् । एकपछि अर्को फिल्म उनको हातमा परिरहेको छ ।

**आजको विचार...**



प्रश्न..
(दुई पेजमा)

पदम न्यौपाने

गत वर्ष प्रदर्शित फिल्म 'अगस्त्य'बाट चर्चामा आएका निर्देशक सौरभ चौधरी यतिबेला नयाँ फिल्म 'कर्मा'को तयारीमा छन् । यही मंसिर २० गतेबाट छायांकनको तयारी गरिएको फिल्ममा उनले कलाकारको 'लाइनअप' बलियो बनाइरहेका छन् । फिल्ममा अभिनेता विपिन कार्कीलाई शीर्ष भूमिकामा अनुबन्धित गरिसकिएको छ । उनलाई पहिलोपटक एक्सन अवतारमा प्रस्तुत गरिँदैछ । अब फिल्ममा मुख्य अभिनेत्रीको रुपमा उपासना सिंह ठकुरी भित्रिएकी छ । उनीसँग निर्माताको केही हप्ताअघि नै कागजी सम्झौता भएको थियो ।



❒ वर्ष ३० ❒ अंक ११४ ❒ २०८१ मंसिर २ गते आइतबार 17 November 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# स्थानीय तह उपनिर्वाचन : आज उम्मेदवारको मनोनयन दर्ता हुँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर १/यही मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आज उम्मेदवारहरूको मनोनयन पत्र दर्ता हुँदैछ । निर्वाचन आयोगले तय गरेको कार्यक्रम अनुसार निर्वाचनमा भाग लिन दर्ता भएका राजनीतिक दलका तर्फबाट र स्वतन्त्र उम्मेदवारले मनोनयन पत्र दर्ता गराउन सक्नेछन् । आज बिहान १० देखि साँझ ५ बजेसम्म सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दिन सकिने निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार आजै साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता भएको सूची प्रकाशित गरिने छ । मंसिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मंसिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने आयोगको कार्यतालिका रहेको छ । यस्तै मंसिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम




फिर्ता लिन सक्ने छन् । सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मंसिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ । उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यलय स्थापन भएका छन् । उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छ वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको आयोगले जनाएको छ । उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको छ । विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक/एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुन लागेको हो । स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ । आयोगले २०७९ सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हाली रहेका स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिएको छ ।

## संक्षिप्त समाचार

### सवारी दुर्घटनामा आठ जनाको मृत्यु




**(रासस/सिन्ह्वा)**

**फैजाबाद(अफगानिस्तान),** मंसिर १/उत्तरी अफगानिस्तानको बदख्सान प्रान्तको कोक्चा नदीमा यात्रु वहाक गाडी खसि दुर्घटना हुदाँ महिला तथा बालबालिका सहित आठ जनाको मृत्यु भएको स्थानीय अधिकारीले शनिबार बताएका छन् । उक्त गाडी शुक्रबार राती प्रान्तीय राजधानी फैजाबाद सहरतर्फ गइरहेको बेला दुर्घटना ग्रस्त भएको प्रान्तीय सूचना तथा संस्कृति निर्देशक जबिहुल्लाह अमिरीले बताएका छन् । अमिरीका अनुसार स्थानीय तथा उद्धारकर्ताहरू घटनास्थलमा पुगी शवहरू निकाल्न खोजिरहेका थिए । मृतकमध्ये एक जना ड्राइभर र अन्य तीन महिला तथा चार बालबालिकालगायतका मानिसहरु रहेको उनले बताएका छन् ।

## मोटरसाइकल दुर्घटनामा एकको मृत्यु



**मध्यविन्दु (नवलपरासी),** मंसिर १/कालीगण्डकी कोरिडोरअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व)को बुलिङटारमा मोटरसाइकल दुर्घटना हुँदा एक युवाको मृत्यु भएको छ । बुलिङटार गाउँपालिका-२ भाङबारीमा शुक्रबार राति मोटरसाइकल दुर्घटना हुँदा गम्भीर घाइते भएका तनहुँको देवघाट गाउँपालिका-२ नरमका २१ वर्षीय विकाश थापाको उपचारका क्रममा शनिबार बिहान मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । कालीगण्डकी कोरिडोरअन्तर्गत बुलिङटारबाट गैँडाकोटतर्फ जाँदै गरेको ना २७ प २४८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा गम्भीर घाइते भएका थापाको मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रहरी नायब उपरीक्षक जेशी शाहले बताए । घटनाबारे अनुसन्धान भइरहेको उनको भनाइ छ ।

*-रासस*

## 'सुवर्ण शमशेर स्मृति' अक्षयकोषमा कर्मचारी युनियनको एक लाख सहयोग

**पाल्पा,** मंसिर १/ नेपाली काँग्रेस पाल्पाले स्थापना गरेको 'सुवर्ण शंमशेर स्मृति' अक्षयकोषमा काँग्रेस निकट नेपाल निजामति कर्मचारी युनियन पाल्पाले आर्थिक सहयोग गरेको छ । युनियनले शनिबार एक औपचारिक कार्यक्रमकाबिच उक्त अक्षकोषमा एक लाख १० हजार रकम सहयोग गरेको हो ।



उक्त सहयोग रकमको चेक युनियनका जिल्ला अध्यक्ष रवि अर्यालले काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् । रकमको चेक बुझ्दै काँग्रेस सभापति श्रेष्ठले युनियनले पार्टीप्रति देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको भन्दै युनियनमा आवद्ध सबैलाई धन्यवाद दिए । उनले पार्टी सचिवालयलाई व्यवस्थित र चुस्तदुरुस्त बनाउन आफु सभापति भएपछि 'सुवर्ण शंमशेर' अक्षयकोष स्थापना गरेको बताउँदै सबैको सहयोगबाट नै अक्षयकोष वृद्धि गर्दै लगिएको बताए ।

सभापति श्रेष्ठले भने 'अहिलेसम्म हामीले अक्षयकोषमा ६२ लाख रकम जम्मा गरिसकेका छौं, हाम्रो लक्ष्य एक करोड पुऱ्याउने हो ।' अक्षकोषबाट आएको व्याजबाट नै पार्टी सचिवालय सञ्चालन गरिने उनको भनाई छ । सचिवालयललाई व्यवस्थित र चुस्त नबनाउँदासम्म पार्टीका संरचनाहरु बलियो नहुने भएकाले सचिवालय व्यवस्थापनका लागि आफुहरु लागेको उनले बताए । फरक प्रसंगमा सभापति श्रेष्ठले अहिले मुलुकमा केही भएन भन्दै युवाहरू विदेश जाने प्रवृत्तिको विकास भएकोप्रति चिन्ता व्यक्त गर्दै स्वदेशमै प्रचुर सम्भावना भएकाले सकारात्मक सन्देश प्रवाह गर्नु अहिलेको आवश्यकता रहेको औल्याए । उनले भने 'अब राजनीति दल,कर्मचारी,उद्योगी,व्यवसायीहरू एक भई स्वदेशमै केही गर्न सकिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह गर्न जरूरी छ । हैन भने भोलीका दिनमा देश वृद्धाश्रम बन्ने निश्चित छ ।' कार्यक्रममा युनिका केन्द्रीय बरिष्ठ उपाध्यक्ष उत्तम कटुवालले युनियनलाई संस्थागत गर्न पार्टी र युनियन एक भई अगाडि बढ्न जरुरी रहेको बताए । युनियनले संघीय निजामती ऐन ल्याउनका लागि लामो समयदेखि संघर्ष गरिरहेको तर अहिलेसम्म नआएको गुनासो गरे ।

युनियन जिल्ला अध्यक्ष रवि अर्याल युनियन र पार्टी बिचको सम्बन्धलाई थप मजबूद र बलियो बनाउन अक्षकोषमा सक्दो सहयोग गरेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कर दिवसको सान्दर्भिकता

**हरेक वर्ष मंसिर १ गतेलाई कर दिवस मनाउने गरिन्छ । वैज्ञानिक कर प्रणालीतर्फको प्रस्थान विन्दुका रुपमा नेपालमा पहिलोपटक मूल्य अभिवृद्धि कर लागू भएको दिन २०५४ मंसिर १ गतेको स्मरण गर्दै हरेक वर्ष मंसिर १ गते राष्ट्रिय कर दिवस मनाउन थालिएको हो । यस वर्ष 'कर प्रणालीको सार : लगानीको आधार' भन्ने नाराका साथ आन्तरिक राजश्व विभाग अर्न्तगतका देशैभरका करदाता सेवा कार्यालयहरुले कर दिवसको अवसरमा साताव्यापी कार्यक्रम गरी मनाउँदै छन् । समग्र कर प्रशासनलाई सुधार गरी यसको दायरा फराकिलो पार्नु कर दिवसको मूल उद्देश्य हो । तर दिवसले उद्देश्यलाई नै छुन सकेको छैन । हरेक वर्ष उद्योगी–व्यवसायीको सम्मान गरेर मात्र यो दिवस मनाइन्छ । पछिल्लो समय कर प्रशासनमा देखिएको खेलाँचीले दिवसको नै खिल्ली उडाएको छ । पछिल्ला वर्षहरूमा राजस्व चुहावटका घटनाहरू बढ्दै गएका छन् । तर, त्यसअनुसारको अनुसन्धान गरी चुहावटलाई रोक्ने यथेष्ट प्रयास भएको देखिँदैन । सबैभन्दा धेरै राजस्व बुझाउने निजी क्षेत्र सधैं गुनासो गरिरहेको छ । स्वत:स्फूर्त राजस्व बुझाउने वातावरण बनाउन उसले सरकारलाई घचघच्याउन थालेको वर्षौं भइसकेको छ । सरकारले राजस्वको लक्ष्य बढी तोक्ने र निजी क्षेत्रलाई करकाप र जबजर्स्ती गरेर लक्ष्य पूरा गर्ने सरकारको रवैया फेर्नुपर्ने आवाज निजी क्षेत्रको छ ।**

**कर दिवसलाई सार्थक बनाउन सरकार र करदाताको भूमिका सबैभन्दा महत्वपूर्ण रहने हुँदा विद्यमान समस्या र चुनौतीको सामना गर्दै व्यावसायिक कर प्रशासन विकासका लागि दुबै पक्षबीच परिणामूलक सहकार्य जरुरी छ । कर प्रशासनलाई अझ बढी व्यावसायिक, सक्षम, सुदृढ र करदातामैत्री प्रशासनको रुपमा स्थापित गर्न सबै प्रतिबद्ध र एकजुट हुनुपर्छ । त्यसैगरी करदातामा रहेको कर छल्ले, कर तिर्न अटेर गर्ने, स्किम कुरेर बस्ने प्रवृत्तिबाट माथि उठी कर राज्य सञ्चालनको आधार हो र संकलित कर समयमा तिर्नु हामी सबैको दायित्व हो भन्ने सन्देश दिन सकियो भने मात्र हरेक वर्ष मनाइने राष्ट्रिय कर दिवसको सार्थकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित नहोला भन्न सकिदैन ।**

## Opinion @ Social Network

पानी पर्दा काम नलाग्ने छाता आपत, परेको बेला सहयोग नगर्ने नाता
मायाको जालमा पार्नलाई आकाशको तारा झारि दिन्छु भन्नी भाका देखि होसियार।
*(दिपा आलेको फेसबुक स्टाटस https://www.facebook.com/Deepa.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रश्न जिम्मेवारी र जवाफदेहीताको



पदम न्यौपाने
तानसेन १०, पाल्पा

***सामाजिक संघ संस्थामा गतिशिलता र क्रियाकलापमा चलायमानता ल्याउन भाइब्रेन्ट पाल्पाको अवधारणा अभ्यासमा ल्याउने पर्यत्न गरिएको हो । यस कार्यमा विशेषगरी गैरसरकारी क्षेत्रको पहललाई प्राथमिकतामा राखेर उत्प्रेरकको भूमिका निर्वाह हुँदै आएको छ ।***

जिल्लाको विकास र पहिचानमा स्थानीय सरकारको भूमिका एवं योगदान के कस्तो वा कुन स्तरको हुनु पर्ने हो भनेर मापन गर्ने कुनै परिष्कृत मापनआधार बनेको छैन् । तर यसो भन्दैमा जिल्लाले आफ्नो राष्ट्रिय हैसियत कायम राख्ने चाहाना भने नहुने होइन । यसर्थ यसका लागि हरेक जिल्लाले आफ्नो रणनीति बनाउन जरुरी छ । जसबाट जिल्लावासीले समेत गर्वको अनुभूति गर्न सकुन् । सायद यसै सामुहिक लक्ष्य र स्वार्थले जिल्ला विकास रणनीति तयार गरिन्छ, कार्यान्वयन गरिन्छ ।

संविधानत: स्थानीय सरकारलाई प्राप्त अधिकार र गठित संयन्त्रले भने यस पक्षलाई प्रवर्द्धन गर्न प्रेरित गर्दैन । तर यसलाई बल पुर्‍याउन र जिल्ला समन्वयको भूमिका निर्वाह गर्न जिल्ला समन्वय समिति गठन गरिएको छ । जिल्लाको रणनीति तय गर्ने वा नगर्ने भन्नेमा संयन्त्रमा प्रतिनिधित्व गर्ने प्रतिनिधिको इच्छाशक्ति र क्षमतामा निर्भर रहने गरेको छ । हरेक पालिकाले संविधानप्रदत्त अधिकार प्रयोग गर्दै स्थानीय विकास र जनसेवा प्रवाह जस्तै हरेक पक्षहरुको विकासमा केन्द्रित हुनु स्थानीय सरकारको मुख्य दायित्व हो । स्थानीय सरकार वा पालिकाहरु सिमित साधन र श्रोतको परिधि भित्र रहेर आफ्ना हरेक सम्भावनाहरुको उच्चतम पहिचान र परिचालन रणनीति तयार पार्नुपर्ने हुन्छ । यसको मतलव यो होइनकी पालिकाहरु श्रोतको अभावमा केही गर्न सक्दैनन् । पालिका प्रतिनिधिहरुको सोच, अवधारणा, क्रियाशिलता, इच्छाशक्ति र संकल्पित समर्पण एवं रणनीतिक क्षमता प्रदर्शन गर्न तथा समन्वयात्मक परिचालन गर्ने अवसर प्रशस्त प्राप्त छन् । यसको उच्चतम उपयोग गर्ने हो भने स्थानीय सरकार वा पालिकाहरुमा कुनै पनि श्रोतको अभाव हुँदैन किनकी पालिका भन्दा माथी प्रदेश र संघीय सरकार रहेका छन् । साथै यी संयन्त्रबाट प्रदान गर्ने श्रोत भन्दा कैयनगुणा बढी श्रोत परिचालन गर्न सक्ने क्षमता भएको गैरसरकारी क्षेत्र वा नीजि क्षेत्र तयार भएको छ । तर यसका लागि उचित र फराकिलो नीति भएमा देशी विदेशी लगानीका लागि नीजि क्षेत्र तयारी अवस्थामा रहेका छन् । यसर्थ हरेक पालिकाले उद्यम, उद्यमशिलता विकास र स्वरोजगार केन्द्रित सोच र प्रष्ट अवधारणा, पालिका भित्रका हरेक नागरिकको क्षमता पहिचान, क्षमताको अभिलेखीकरण र परिचालन रणनीति, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण र उपयोग नीति रणनीति, कलासंस्कृति, साहित्य, खेल विकास, विशेष उत्पादन र आत्मनिर्भर उत्पादन रणनीति, बन र बनजन्य श्रोतको सम्भावना र उपयोग, पर्यापर्यटन, ग्रामीण पर्यटन, अन्य विधागत पर्यटनका आधार र सम्भावनाहरुको पहिचान र परिचालन गर्ने नीति, रणनीति र कार्यनीति, प्राकृतिक श्रोत एवं खानीहरुको पहिचान र परिचालन, फोहर व्यवस्थापन र आयवृद्धि, स्थानीय सिप, कला र उत्पादनको सम्वर्द्धन र बजारीकरण, शहरी विकास र बजार केन्द्रको विकास जस्ता क्षेत्रहरुको पहिचान र परिचालनबाट स्थानीय सरकार मजवुत र समृद्ध बनाउन सक्छन् र आधारहरु पनि हुन् । यी र यस्तै आधारहरुबाटनै हो पालिकाहरुले आफ्नो,आयवृद्धिका नयाँ सम्भावनाहरुको खोजी गर्ने । यी आधारहरु भनेका सरकारी, आन्तरिक मात्र होइन बाह्य लगानीका लागि आकर्षक क्षेत्र पनि हुन् । संघीय सरकारबाट प्राप्त हुने वित्तिय सहयोगको मुख्य अंश प्रशासनिक खर्चमा जाने हुनाले विकासका लागि आवश्यक श्रोतको व्यवस्थापन परिचालनबाटै गर्नुपर्ने अवस्था छ । यी र यस्तै सम्भावनाबाटै स्थानीय सरकार सबल र समृद्ध बन्न र बनाउन सकिन्छ र बनाउनुपर्ने हुन्छ । यस्तै विभिन्न नयाँ–नयाँ अवधारणाहरुद्धारा नै जिल्लाको विकास अवधारणा र विकासस्तरको पहिचान हुने हुन्छ । राष्ट्रका हरेक तथ्यांकमा जिल्ला अग्रीणी देखिने हुन्छ । उल्लेखित केही आधारहरु यहाँ चर्चामा किन ल्याइएको हो भने स्थानीय सरकारहरु सबै मिल्न सक्ने, समान धारणा बनाउन सक्ने र जनतामाझ सकारात्मक अपेक्षाहरु राख्न सक्ने वा विश्वास गर्न सक्ने आधारहरु बन्न सक्छन् जुन अहिलेको मुख्य आवश्यकता पनि हो । यी र यस्तै अपेक्षाहरुको पृष्ठभूमिमा पाल्पामा अब सामुहिक प्रतिवद्धता र सहकार्यबाटै पालिकाहरुको व्यवस्थित र लक्ष्यसहितको जिल्ला विकास रणनीति लक्षित विकास नीतिका लागि आधार तयार पारी गतिशिल पाल्पा (भाइव्रेन्ट पाल्पा)को अवधारणा तयारपारी अभ्यासमा ल्याउने पर्यत्न गरिएको छ । यही लक्ष्यका लागि जिल्लामा क्रियाशिल विभिन्न सामाजिक संघ संस्थाहरुको रणनीतिक कार्यक्रमहरु आयोजना हुँदै छन् र हुँदै जाने पनि छन् । अबको युग सहकार्यको युग हो । साझेदारीको युग हो । सहकार्यका अंग भनेका व्यक्ति, संस्था, निजी, सहकारी, सार्वजनिक र सरकार हुन् । यिनीहरु विचको समन्वय सहकार्य र साझेदारीमा हामीले अकल्पनीय सफलता प्राप्त गर्न सक्छौं । यसका लागि समन्वय गर्ने, उत्प्रेरित गर्ने र आह्वान गर्ने कार्य भनेको स्थानीय सरकारको हो । स्थानीय सरकार बढी जिम्मेवार, विकास, सेवा र जनताप्रति जवाफदेही जति बन्न सक्छन् त्यति सामाजिक आर्थिक सूचांकहरु चलायमान हुन्छन् । सामाजिक संघ संस्थामा गतिशिलता र क्रियाकलापमा चलायमानता ल्याउन भाइव्रेन्ट पाल्पाको अवधारणा अभ्यासमा ल्याउने पर्यत्न गरिएको हो । यस कार्यमा विशेषगरी गैरसरकारी क्षेत्रको पहललाई प्राथमिकतामा राखेर उत्प्रेरकको भूमिका निर्वाह हुँदै आएको छ ।पाल्पामा हरेक क्षेत्रमा चलायमानता ल्याउनका लागि कम्तीमा पनि पालिकाहरुले तयार पार्ने वार्षिक नीति तथा कार्यक्रम तयारी गर्नुपूर्व समन्वयात्मक समझदारी सहितको जिल्लास्तरिय विकास अवधारणालाई केन्द्रमा राख्ने वातावरण समन्वयको भूमिका रहेको अंगले बनाउन सक्नु पर्दछ । विकासमा तत् तत्का अंगहरु केन्द्रित रहेर सामान्य समन्वय मात्र गर्न सकेको खण्डमा स्थानीय सरकारहरुलाई लगानी, लगानी क्षेत्रहरु, सेवा र व्यापार व्यवसायका सम्भावनाहरु, स्वरोजगार र रोजगारका क्षेत्रहरु, उत्पादनका विविधकरण र नयाँ उत्पादन क्षेत्रहरु, स्थानीय सिल्पी र यसको संरक्षण प्रवर्द्धन र विस्तारका सम्भावनाहरु, सामूहिक लगानीका क्षेत्रहरु जस्ता अवसर शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन लगायतका विविध क्षेत्रमा स्थानीय सरकारका सामु नयाँ अवसरहरु सिर्जना हुने छन् । मानौ उद्योग वाणिज्य क्षेत्रलाई परिचालन गर्दा उद्यम, उद्यमशीलता र उद्यम विकासका नयाँ अवसर प्राप्त हुन सक्छ । अर्थतन्त्र र विकासका दृष्टिले हेर्दा नीजि क्षेत्रलाई सरकारको छाँया सरकारको रुपमा पनि लिने गरिन्छ । हरेक सरकारले अवलम्वन गर्ने कार्यक्रम र नीतिको प्रत्यक्ष प्रभाव यस क्षेत्रलाई पर्दछ र सरकारको नीति अनुरुप यो क्षेत्रले आफ्नो वित्तिय लगानी गर्ने/नगर्ने निर्णय गर्ने हुनाले सरकारसँग मिलेर स्थानीय सरकारका नीतिलाई मद्धत गर्ने र सरकारले गर्न नसक्ने काम नीजि क्षेत्रले गर्ने हुनाले सहयात्री पनि हो । यसर्थ नीजि क्षेत्रले ब्यापारमा मात्र केन्द्रित नभई सरकारी, गैरसरकारी, विदेशी तथा अन्य समूहगत लगानीका लागि क्रियाशिल बन्नु पर्दछ । नयाँ उद्यम विकास, उद्यमशिलताको विस्तार र बजार विकाससँगै लगानी आकर्षण र अभिवृद्धि योजना सञ्चालनमा आफ्नो लक्ष्य केन्द्रित गर्न सक्छन् । जहाँ निजी क्षेत्र र स्थानीय सरकारबिच व्यवसायिक सम्बन्ध रचनात्मक रहन्छ यसको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रलाई गतिशिलता दिनेमा पर्दछ । सार्वजनिक नीजि साझेदारी नीति अगाडि बढाउने प्रथम दायित्व पनि निजी क्षेत्रको हो । स्थानीय सरकार यसका लागि सहयोगी बन्नुपर्दछ । नीजि क्षेत्रले समेत अब जिल्लाका केही सम्भावनायुक्त क्षेत्र र परियोजना तयार गरी लगानी सम्मेलन आयोजना गर्न अग्रसर हुनु पर्दछ । अब चर्चा गरौं चलायमान पाल्पाका लागि मद्धत गर्ने एउटा पहल हालै पाल्पा जेसिसको आयोजनामा तानसेनमा सम्पन्न भएको थियो । कार्यक्रमको लक्ष्य थियो स्थानीय पालिकाहरुका नीति तथा कार्यक्रमहरु युवाशक्ति परिचालन लक्षित छन् छैनन् र पालिकाहरुका प्रमुखहरुको यसबारे सोच के छ भन्ने जानकारी राख्नु मात्र होइनकी पालिकाद्धारा अवलम्वन गरिने नीति रणनीति र कार्यक्रमहरु युवा लक्षित बनाउन प्रेरित गर्नु पनि हो । 'युवाको प्रश्न नेतृत्वसँग' भन्ने शिर्षक दिएर आयोजित सो कार्यक्रममा सहभागी युवाहरुको प्रश्न थियो हामी विदेश नगएर के गर्ने ? पालिकाका कार्यक्रम र नीति एवं प्रमुखहरुको सम्बोधनमा रोजगार, स्वरोजगार, उद्यम, उद्यमशिलताका लागि प्रेरित वा उत्प्रेरित गरिएका वा गर्ने प्रत्यक्ष रुपमा सम्बोधन गरिएका कार्यक्रमहरु नदेखेर युवाहरुले यो प्रश्न गरेका हुन् । यी प्रश्नहरु स्वभाविक हुन् किनकी अझै पनि युवाहरु पालिकाहरुद्धारा अगाडि सारिने कार्यक्रमहरुमा सम्वोधन गरिएका खण्डमा विदेशजाने सोच बनाउन नचाहेको संकेत पनि हो । तर यसबारे नेतृत्व गम्भीर र जवाफदेही हुनै पर्दछ । यसका लागि सचेत बन्न सो कार्यक्रमले मद्धत गरेको छ । स्थानीय सरकार भनेको जनतासँगको सहकार्य र साझेदारीमा विकास अभियान सञ्चालन गर्ने अंग हो यसर्थ इमान्दारीपूर्वक नेतृत्व यसबारे सचेत बन्नै पर्दछ । स्थानीय सरकारले युवाहरुको पहिचान परिचालन गर्ने विश्वासिला आधार बनाएर अगाडि बढ्न जरुरी देखिन्छ । हरेक नेतृत्वमा म बनाउछु मेरो जिम्मेवारी हो भन्ने मान्यता रहनु पर्दछ भने हरेक नागरिकमा समेत मेरो परिवर्तकका लागि मेरो पनि सहभागिता र संलग्नता राख्दछु भन्ने सोच जरुरी रहन्छ । म गर्छू भनेर इच्छाशक्ति लिएर आउने हरकोहीका हर विचारलाई स्थानीय सरकारले सहयोग गर्नु उसको कर्तव्य हो । र अन्त्यमा पाल्पामा जेसिसले शुरु गरे जसरी अन्य क्षेत्र सम्वद्ध संस्थाहरुले पनि आ–आफ्नै क्षेत्रगत वा विद्यागत समस्या र अवसरका सन्दर्भमा कार्यक्रम गर्न जरुरीछ । तब मात्र चलायमान पाल्पा वा भाइव्रेन्ट पाल्पा बनाउन सकिन्छ । सुरु गरौं अहिले नगरे कहिले गर्ने ?

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :काममा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ । | **तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **बृष** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वत: हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |

## कृषि

# पकेट क्षेत्रकै सुन्तलामा औँसा कीराको प्रकोप



सुन्तला खेतीको लागि पकेट क्षेत्र मानिएका यहाँको मोदी गाउँपालिका-२ देउपुर, फलेवास नगरपालिका-१० कुर्घा, वडा नं ११ पाङराङ र दक्षिण पर्वतको पैँयू गाउँपालिका-३ त्रिवेणीमा एक सातादेखि औँसा कीराको प्रकोप फैलिएको छ । पाक्ने बेलाको सुन्तलामा औँसा कीराको प्रकोपले सुन्तला झर्ने र हाँगा सुक्न थालेपछि किसान चिन्तित बनेका छन् । देउपुरका किसान भूमिराज शर्माले असिना र खडेरीबाट जोगिएको सुन्तला बिक्री गरेर केही आम्दानी गर्ने बेलामा कीराको प्रकोपले क्षति पुगेको बताए । देउपुरमा मात्रै तीन सय बढी किसानले व्यावसायिक सुन्तला खेती गर्दै आएका छन् । यो गाउँबाट गत वर्ष पाँच करोडको सुन्तला बिक्री भएको स्थानीय माछापुच्छ्रे सुन्तला उत्पादक समूहका अध्यक्ष दाताराम चापागाईले जानकारी दिए । उनका अनुसार यसवर्ष ५० प्रतिशत बढी बोटमा प्रकोप फैलिसकेको छ । गत वर्ष पनि यस्तै समस्या भएपछि कृषि ज्ञान केन्द्रले अभियानकै रुपमा तालिम र विषादी वितरण गरेको थियो । अर्का किसान लालु चापागाईंले कीरा लागेर धमाधम सुन्तला नष्ट भएको बताए । पर्वतमा उत्पादित सुन्तला पोखरा, काठमाडौं, नारायणगढ र बुटवलसम्म बिक्रीका लागि लगिन्छ । यसवर्ष अहिलेसम्म व्यापारी आइपुगेका छैनन् । कृषि ज्ञान केन्द्रले देउपुरलगायत विभिन्न स्थानमा औँसा कीराको प्रकोप देखिएको जनाएको छ । केन्द्रका बाली संरक्षण अधिकृत शङ्कर पौडेलले सुन्तलाका पकेट क्षेत्रमा सुन्तला झर्ने र हाँगा सुक्ने समस्या देखिएको बताए । "मुख्य गरी सुन्तला झर्ने समस्या फलमा आउने औँसा कीराको कारणले हो," उनले भने, "अघिल्लो वर्ष अभियानकै रूपमा तालिम र विषादी बाँडिएको थियो । अघिल्लो पटक बाँडिएको विषादी सही रूपमा प्रयोग नगर्ने किसानको बगैँचामा समस्या देखिएको छ । समग्रमा अघिल्लो पटक भन्दा यस वर्ष उत्पादन घटेको छ ।" ग्रिनिङ रोगको समस्या, सुक्ष्म खाद्य तत्वको कमी, उपयुक्त व्यवस्थापनको कमी, अन्य रोग कीराले पनि यो समस्या आउने पौडेलले बताए । पहिले सुन्तला उत्पादन हुने समुद्री सतहदेखि एक हजार तीन सय मिटर उचाइ भन्दा तल उत्पादन हुन छाडेको स्थानीय किसान भुमिराज शर्माले बताए । थप क्षति हुन नदिन जतिसक्दो छिटो सुन्तला टिपेर बजार पठाउन कृषि ज्ञान केन्द्रले आग्रह गरेको छ । झरेका सुन्तलालाई प्लास्टिकमा जम्मा गर्ने र नष्ट गर्ने प्रक्रियाले कीराको चक्र 'ब्रेक' गर्न सकिने भएकाले किसानलाई प्लास्टिकमा जम्मा गरेर नष्ट गर्न लगाइएको बाली संरक्षण अधिकृत पौडेलले बताए । सुन्तला पर्वतमा उत्पादन हुने मुख्य फल हो । गतवर्ष सुन्तला बिक्रीबाटरु २५ करोड जिल्लाका किसानले भित्र्याएका थिए ।

*-इहिमालय टाइम्स डटकम*

# दूध संकलन, प्रशोधन र बजारीकरण गर्दै सहकारी



जिल्ला दुग्ध उत्पादक सहकारी सैले किसानबाट सङ्कलन गरेको दूध प्रशोधन र बजारीकरण गर्ने प्रक्रिया अघि बढाएको छ । लामो समयसम्म बजारीकरणको समस्या दूध बिक्रीबापत भुक्तानी दिन नसकेपछि सहकारीले सङ्कलित दूध प्रशोधन र बजारीकरणको योजना बनाएको हो । जिल्लाका एक सय १५ सहकारीमा दूध सङ्कलन हुने गर्दछ । ती दूध चितवन र बाहिरी जिल्लामा बिक्री हुँदै आएको छ । बिक्री भएको दूधको भुक्तानी लामो समयसम्म नपाउँदा किसान प्रभावित भएका छन् । जिल्ला दुग्ध उत्पादक सहकारी सैका अध्यक्ष किशोर बगालेका अनुसार बजारीकरणमा समस्या आएपछि सैले प्रशोधन र बजारीकरण गर्ने तयारी गरेको बताए । उनका अनुसार सैले साधारणसभाबाट उक्त निर्णय गरेर काम अघि बढाएको हो । बागमती प्रदेश सरकारको सहयोगमा भरतपुरमा चिस्यान केन्द्र बनाउने तयारी गरिएको छ । दुग्ध विकास संस्थानका जिल्लामा रहेका सात चिस्यान केन्द्रबाट दूध सङ्कलन गरी प्रशोधन र बजारीकरण गर्ने तयारी गरिएको बगालेले बताए । कृषि मन्त्रालयसँग यस विषयमा छलफल भइरहेको उनले जानकारी दिए । दूध प्रशोधन गरेर पाउडरदूध, पनिर, घिउलगायत दुग्धजन्य पदार्थ सहकारीमार्फत बजारमा लैजाने तयारी सैको छ । सैले यसअघि दाना उत्पादन गरेर सहकारीमार्फत कृषकलाई बिक्री गर्दै आएको छ । अध्यक्ष बगालेले भने "दुई-तीन महिनाभित्रमा हामी चक्लेट उत्पादन गर्दछौँ, अरु काम क्रमश: हुँदै जान्छ ।" उहाँका अनुसार जिल्लामा दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने गर्दछ । जसमध्ये एक लाख ५१ हजार सहकारीमार्फत बजारमा जाने गर्दछ । दुग्ध विकास संस्थानसहित २० भन्दा बढी निजी संस्थामा दूध जाने गरेको उनले बताए । यहाँ सङ्कलन भएको दूध काठमाडौँ, पोखरा, मकवानपुर, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुरलगायत जिल्लामा सञ्चालित निजी डेरीले लैजाने गर्दछन् । जिल्लाका सहकारीको किसानलाई रु ८० करोडभन्दा बढी भुक्तानी दिन बाँकी छ । दुग्ध विकास संस्थानको मात्रै रु ३२ करोडभन्दा बढी भुक्तानी दिन बाँकी छ भने अरु निजी डेरीको हो । कतिपयको जेठ यताको भुक्तानी बाँकी रहेको भन्दै केही डेरीले नियमित भुक्तानी गरे पनि धेरैको भुक्तानी लामो समयसम्म अड्किँदा किसान प्रभावित बनेका बगालेले उल्लेख गरे । कतिपय निजी डेरी सञ्चलकले जिल्ला बाहिर चिस्यान केन्द्र सञ्चालन गरी भारतबाट दूध ल्याएर संस्थानलाई दूध गर्नुका साथै गुणस्तरहिन दूधको बजारीकरण गर्दा स्थानीयस्तरमा उत्पादित दूध बिक्रीमा समस्या भएको सहकारी सैका अध्यक्ष बगालेले बताए । स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी किसानका समस्या समाधान गर्न सैमार्फत दूध सङ्कलन, प्रशोधन र बजारीकरणको योजना बनाइएको उनको भनाइ छ ।

*-रासस*

# किबी खेतीमा रमाउँदै वडाध्यक्ष



बागलुङ नगरपालिका-९ तित्याङका वडा अध्यक्ष व्यावसायिक किबी खेतीमा लागेका छन् । बागलुङ जिल्ला सदरमुकामसंग जोडिएको तित्याङमा तरकारी र सुन्तला पछि किबी खेती गर्न थालिएको छ । बागलुङ नगरपालिका-९ तित्याङका वडा अध्यक्ष राजु थापाले लगाएको किबीले तीन वर्षमै उत्पादन दिएको छ । तरकारी र फलफूल खेतीमा अग्रसर भएको तित्याङका वडा अध्यक्षनै फलफुल खेतीमा लागेका हुन् । गाउँका किसानको प्रेरणाको रुपमा काम गहेका थापाले आफूले समेत किबी खेती गरेको बताए । थापाले खेतमा १०० बोट किबी लगाएकोमा ६ क्विन्टल किबीको उत्पादन भएको बताए । थापाले उत्पादन गरेको किबी बजार लैजाने तयारीमा जुटेको जानकारी दिए । थापाले खेतमा किबी लगाएपनि बारीमा भने कागती र सुन्तला लगाएको जानकारी दिए । जनप्रतिनिधी भइसकेपछि कोदो र धानखेती गर्न समय व्यवस्थापन गर्न नसकेपछि खेतमा किबी र बारीमा सुन्तला र कागती लगाएको बताए । २०७८ माघमा लगाएको किबीले यस वर्षबाट उत्पादन दिएको बताउदै बारीमा १५० कागती र ५० सुन्तलाका बोट रहेको बताए । थापा २०७९ बैशाखमा वडा अध्यक्षमा निर्वाचित भएका थिए । अन्य किसानलाई कृषि कर्ममा लाग्न प्रेरणा दिनका लागि र आफ्नो खेत बारी सदुपयोग गर्न किबी संगै सुन्तला र कागती खेती गरेको वडा अध्यक्ष थापाले बताए । "तित्याङले बागलुङको तरकारीको बजार धान्दै आएको छ, नजिकमा बजार भएपछि यहाँ सयौ किसान व्यावसायिक तरकारी खेतीमा छन्, पछिल्लो समय सुन्तलाको बजार फष्ठाउन थालेपछि अन्न फल्ने खेतबारी अहिले फलफुल बगैचा विस्तार भएका छन्, तित्याङमा व्यवसायिक रुपमा फर्म दर्ता गरेर किबी खेती गर्ने छ जना किसान हुनुहुन्छ" थापाले भने "वडा अध्यक्ष भएपछि जनताको सेवामा खटिदा घरको खेतीपाती गर्न नसक्ने भएपछि चार रोपनी खेतमा एक सय किबीका बिरुवा लगाएको थिए, तीन वर्षमै उत्पादन हुँदा दंग परेको छु, अरुलाई आत्मनिर्भर बन्न सिकाउनेले आफै गर्दा अनुभव र अन्यलाई प्रेरणा मिल्नेभएकाले कागती र सुन्तला खेती समेत थालेको छु ।" दैलेखबाट रु. ३३० मा प्रति बिरुवा खरिद गरेर किबी लगाएको बताउनुभयो । वृहत कृषि उत्पादन गर्ने उदेश्यले सामुहिक रुपमा भाइभाई कृषि फर्म समेत सञ्चालनमा ल्याइएको थापाले जानकारी दिए । वडा अध्यक्ष थापाको बारीमा दुई वर्ष अघि १५० कागती र ५० सुन्तलाका बिरुवा रोपेर अहिले हुर्किरहेका छन् । किबीका लागि अस्थायी थाक्रो व्यवस्थापन गरेका थापाले किबी बजार पठाएपछि फलामबाट बनाइएको थाक्रो राख्ने योजना बनाएका छन् । अहिले प्रति केजी २५० देखि ३०० मा किबी बिक्री भइरहेको छ । किबी उत्पादन भएको पहिलो वर्षनै दुई लाख भन्दा बढी रकम आम्दानी गर्ने उनले जानकारी दिए । वर्षमा दुई पटक मात्रै हेरचाह गर्दा किबीबाट आम्दानी गर्न सकिने उनको भनाई छ । भाइ-भाई कृषि फर्ममा जेठा नरेन्द्र बहादुर थापा, माइलो धन बहादुर थापा, कान्छो राजु थापा र कुमार थापाले पशुपालन र अन्य कृषि क्षेत्रमा लगानी विस्तार गर्ने सोच बनाएका छन् । वडा अध्यक्ष थापाले फलफूल र तरकारी विस्तार र विकासमा नगरपालिका प्रदेश र संघबाट नगर भित्र सबैभन्दा बढी लगानी आफ्नै वडामा भएको बताए । गत वर्ष प्रधामन्त्री कृषि आधुनिकरण परियोजनाको लगानीमा तित्याङको खानी गाउँमा दुई हजार ६०० ओखर १४० रोपनी बाँझो जग्गामा लगाइयो भने अहिले नगरपालिकालेनै पुन किम्बोट क्षेत्रमा ओखर लगाउन रु. १२ लाख बजेट बिनियोजन गरेको छ । आफ्नो वडामा गत वर्ष बेमौसमी तरकारी विकास तथा सुन्तला बगैचा विस्तार कार्यक्रममा रु. २० लाख लगानी भइसकेको बताए । यहाँका किसानलाई प्लाष्टिक टर्नेल निर्माण गर्न, सुन्तलाका विरुवा वितरण, किबीका बिरुवा वितरण गर्ने र औजार तथा उपकरण खरिद गर्ने कामले किसानमा उत्साह छाएको बताए । दैलोमै बागलुङ बजार रहेकाले तरकारी र सुन्तलाका लागि बजारको समस्या नभएको बताए । चालु आर्थिक वर्षमै तित्याङमा अलैची खेती समेत विस्तार गर्न थालिएको वडा अध्यक्ष थापाले बताए । अलैची पकेट क्षेत्र विस्तारमा समेत रु.१५ लाख वजेट विनियोजन भएको र ९ नम्बर वडा तित्याङको साविक १, २, ३, ४ र ५ वडामा अलैची खेती थालिनेछ ।

*-रासस*

# धान थन्क्याउनै नपाइ पानीले डुबायो



अन्न भण्डार मानिने तराई मधेसका जिल्लामा शनीवार राती देखि परेको बेमौसमी अविरल वर्षाले काट्ने बेला भएको धान डुबाएको छ । किसानले धान काटेर खेतमा सुकाए पनि धान थन्क्याउन पाएनन् । दसैं सकिएलगत्तै धान भित्र्याउन खेत पसेका किसान बेमौसमी वर्षाले समस्यामा परेका छन् । गय राती देखि परेको निरन्तर वर्षाले खेतमा बाला झुलेर काट्न तयार भएका धानका बोट लडेर पानीमा डुबेका छन् भने काटेर भित्र्याउन ठिक्क पारेको धान खेतमै डुबेको छ । वर्षामा डुबान र कटानको समस्या झेल्दै आएका किसानलाई बेमौसमी वर्षाले धान खेतीको लगानीसमेत नउठ्ने चिन्ता थपेको छ । समयमै मल, बीउको असुविधाबीच पनि यस वर्ष नियमित वर्षा भएकाले उत्पादन बढ्ने आसमा रहेका किसानलाई बीउ नै मासिने चिन्ता बढेको छ। वर्षामा डुबान र कटानको समस्या झेल्दै आएका किसानलाई बेमौसमी वर्षाले धान खेतीको लगानीसमेत नउठ्ने चिन्ता थपेको छ । बेमौसमी वर्षाका कारण जिल्लाको सबैजसो क्षेत्रमा धान बालीमा क्षति पुगेको छ । पाकेर काटेको धान पानीमा डुब्दा धानबाट चामल राम्रो नहुने किसानको दुखेसो छ । नियमित वर्षाले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरिएका बेला परेको आकस्मिक पानीले धान बालीमा क्षति पुऱ्याएको छ । किसानले धान काटेर सुकाउन खेतमा राखेका थिए ।

कतिपयले खेतमै काटेको धान थुपारेर कुन्यु बनाएका थिए । घर आँगनमा पनि काटेको धान थुपारेका थिए । खेत र आँगनमा थुपारेको धानसमेत भिजेको किसान बताउँछन् । खेतमा थुपारेको सबै धान भिजेको छ ।

*-रासस*

# पाल्पा साहित्य समाजद्वारा विभिन्न व्यक्ति सम्मानित




**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर १/पाल्पा साहित्य समाजले साहित्यकार र कलाकारलाई विभिन्न पुरस्कारबाट सम्मान गरेको छ । समाजले शनिबार १७५ औं छविलाल नेपाल जन्मजयन्ती, १२१ औं माधव प्रसाद देवेकोटा जन्मजयन्ती तथा ३० औं बार्षिक दिवसको अवसरमा विभिन्न क्षेत्रमा योगदान गरेका ८ जना व्यक्तिलाई सम्मान गरेको हो ।

उसले छविलाल प्रतिभा पुरस्कारबाट साहित्यकार डिल्लीराज अर्याल, भैरव तुल्सीसिंह स्मृती पुरस्कारबाट शान्ता शाक्य, अथक रेग्मी साहित्य पुरस्कारबाट कालुमान अमात्य, इन्द्रराधा समाजसेवा प्रतिभा पुरस्कारबाट निलम गंगोल, पाल्पा साहित्य समाज पुरस्कारबाट महेशरत्न शाक्य, केशवलाल बज्राचार्य, बुद्धरत्न शाक्य, सुदनराज शाक्यलाई सम्मान गरेको छ । पुरस्कृत व्यक्तिहरुलाई विश्वहिन्दु महासंघका केन्द्रिय उपाध्यक्ष वेनबहादुर पौडेल क्षेत्री, संस्थाका संरक्षक राजेन्द्रगोपाल सिंह, अध्यक्ष पुष्करराज रेग्मी लगायले नगद, सम्मानपत्रबाट सम्मान गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि साहित्यकार एवं विश्व हिन्दु महासंघका उपाध्यक्ष पौडेल क्षेत्रीले पाल्पा साहित्य समाजले विभिन्न क्षेत्रमा योगदान गरेका तर ओझेलमा परेका व्यक्तिहरुलाई सम्मान गरेर उनीहरुको जीवनमा थप उर्जा थप्ने काम गरेको बताए । यस्तो अभियानले काम गरिरहेका व्यक्तिहरुमा काम गर्ने जोश जागर अझै बढ्ने, आत्मविश्वासमा वृद्धि हुने उपाध्यक्ष क्षेत्रीले बताए । कार्यक्रममा विशिष्ट अतिथि भागवत खनालले पाल्पा आफैमा साहित्यको धनि जिल्ला भएपनि संस्थाको नियमित आयश्रोत नहुँदा समेत साहित्य कार्यक्रमलाई निरन्तरता दिने, सम्मान गर्ने अभियानले सबैलाई प्रेरणा दिएको बताए । बरिष्ठ पत्रकार मेघराज शर्माले समाजले अन्य साहित्य संस्थाले भन्दा बेग्लै किसिमबाट कार्यक्रम चलाउने, सम्मान गर्ने कार्यले पाल्पाको साहित्य क्षेत्रलाई उर्जावन बनाएको बताए । समाजका संरक्षक राजेन्द्रगोपाल सिंहले संस्था जन्माउने, हुर्काउने र सोही अनुसारको काम पनि गर्ने गराउने गर्दै आएको बताए । समाजले साहित्य क्षेत्रलाई माथि उठाउन नियमितरुपमा प्रतिभा सम्मान पुरस्कार कार्यक्रम गर्दै आएको उनको भनाई छ ।

कार्यक्रममा सम्मानित व्यक्तित्वहरु केशवलाल बज्राचार्य, बुद्धरत्न शाक्य, युवा नेता केशव बस्याल लगायतले पाल्पा साहित्य समाजले गरेका कामहरुबाट आफुहरु प्रभावित भएको बताए । समाजका अध्यक्ष पुष्करराज रेग्मीको अध्यक्षता, संस्थाका सल्लाहकार चित्रवलीराम सुवालको स्वागत, संस्थाका सदस्य कमल बस्यालले पुरस्कृत व्यक्तित्वको चर्चा र सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पाबाट पुस्तक व्यवसायीको 'राष्ट्रिय जागरण अभियान'

**पाल्पा,** मंसिर १/नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघले पाल्पाबाट 'राष्ट्रिय जागरण अभियान' प्रारम्भ गरेको छ । महासंघले व्यवसायीहरुबिचको सम्बन्धलाई थप मजबूद बनाई महासंघलाई गतिशिल र चलायमान बनाउने उद्देश्यले 'राष्ट्रिय जागरण अभियान' शनिबारदेखि प्रारम्भ गरेको हो ।




महासंघ केन्द्रीय समितिले सञ्चालन गरेको अभियानलाई लुम्बिनी प्रदेशले पाल्पाको तानसेनबाट सुरु गरेको महासंघ पाल्पाका सचिव विष्णु खनालले जानकारी दिए । उनका अनुसार अभियान मंसिर ८ गतेसम्म सञ्चालन हुने छ । अभियानको महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष मातृका शिवाकोटीले शुभारम्भ गरेका हुन् । अभियानको शुभारम्भ गर्दै उपाध्यक्ष शिवाकोटीले व्यवसायीहरुबिचको सम्बन्ध प्रगाढ बनाई व्यवसायको वृद्धिसँगै महासंघको संगठनलाई गतिशील बनाउन जागरण अभियान सञ्चालन गरिएको बताए । अभियान अन्तर्गत सबै जिल्लामा पुगेर व्यवसायीहरुबाट आएको सुझाव अनुसार नयाँ कार्ययोजना बनाउने उल्लेख गरे । उपाध्यक्ष शिवाकाटीले भने 'देशभरी रहेका व्यवसायीहरुलाई व्यवसायीक हित, कर शिक्षा, ब्यवसायिक एकता लगायतका विषयमा जानकारी गराउने छौं ।' महासंघका लुम्बिनी प्रदेश अध्यक्ष हेमानन्द शर्माले अनुशासित र सम्मानयोग्य व्यवसायको रुपमा पुस्तक तथा स्टेशनरी व्यवसायीहरु रहेकाले यो गरिमा कायम राख्न अभियानले महत्वपूर्ण भूमिका खेल्ने बताए । महासंघ रुपन्देही जिल्ला अध्यक्ष गोपाल बस्यालले अभियानको समापन बुटवलमा गरिने जानकारी गराए । पाल्पाका निर्वतमान अध्यक्ष किशोर भट्टराईले जिल्लाको व्यवसायिक वस्तुस्थितिका बारेमा जानकारी गराउँदै महासंघलाई बलियो बनाउन व्यवसायीहरुबिच एकता आवश्यक रहेको औल्याए । महासंघ पाल्पाका सल्लाहाकार राजेन्द्र लिगलले अभियानलाई सफल बनाउन सबै जिल्लाका महासंघहरु लाग्नुपर्नेमा जोड दिए । सोही अवसरमा पाल्पाका संस्थापक अध्यक्ष केदारलाल श्रेष्ठलाई दोसल्लाले सम्मान गरिएको थियो । महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष हेमानन्द शर्माको अध्यक्षता, पाल्पा अध्यक्ष रामप्रसाद पन्थीको स्वागत,सचिव विष्णु खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# पोर्चुगलले पोल्याण्डलाई हरायो



**काठमाडौं,** मंसिर १/यूईएफए नेशन्स लिग फुटबलमा पोर्चुगलले पोल्याण्डलाई ५-१ गोलले हराएको छ । पोर्चुगलका लागि क्रिष्टियानो रोनाल्डोले दुई गोल गरे । उनले अहिलेसम्म १ सय ३५ वटा अन्तर्राष्ट्रिय गोल गरेका छन् । यो कुनै पनि खेलाडीले गरेको सर्वाधिक गोल सङ्ख्या हो । अर्को खेलमा स्कटल्याण्डले क्रोएसियालाई १-० गोलले हरायो । समूह 'ए' मा पोर्चुगल १३ अङ्कसहित शीर्ष स्थानमा छ, क्रोएसिया ७ अङ्कसहित दोस्रो, पोल्याण्ड चार अङ्कसहित तेस्रो र स्कटल्याण्ड चौथो स्थानमा छ । गएराति नै भएको अर्को खेलमा स्पेनले डेनमार्कलाई २-१ गोलले हरायो । स्वीट्जरल्याण्ड र सर्बियाले बराबरी खेलेका छन् । यस्तै बुल्गेरियाले लक्जेम्बर्गलाई तथा नर्दन आइसल्याण्डले बेलारुसलाई हराएका छन् । सान मारियो र गिब्राल्टरले बराबरी खेलेका छन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# डिजेल र मट्टितेलको मूल्य बढ्यो



**पाल्पा,** मंसिर १/ नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको शुक्रबार बसेको बैठकले मंसिर १ गतेदेखि लागू हुने गरी डिजेल र मट्टितेलमा प्रतिलिटर तीन रुपैयाँ बढाएको हो ।

इन्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ०.३२ र डिजेलमा रु २.५४ ले बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

पेट्रोल र खाना पकाउने ग्यासको मूल्य भने यथावत राखिएको छ । मूल्य समायोजनसँगै निगमले डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ ५० पैसा तोकेको छ । यसअघि एक सय ४७ रुपैंया ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ५२ रुपैयाँ पर्ने छ । यहाँ पनि यस अघि एक सय ४९ रुपैयाँ थियो । यस्तै तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ५३ रुपैयाँ कायम भएको छ । यस अघि एक सय ५० रुपैंया रहेको थियो ।

निगमले पहिलो वर्ग अन्तर्गत चारआली, विराटगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ तथा काठमाडौं, पोखरा र दिपायस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई